प्रदेश सरकार
अर्थ मन्त्रालय
गण्डकी प्रदेश
पोखरा, नेपाल

मितिः २०७८/१२/०१

पत्र संख्याः ०७८/७९
चलानी नं.: ४२१

श्री स्थानीय तहहरु (सबै),
गण्डकी प्रदेश, पोखरा ।

**विषयः अन्तरसरकारी वित्त हस्तान्तरणका लागि आयोजना तथा कार्यक्रम पेश गर्ने।**

प्रस्तुत विषयमा प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ वमोजिम प्रदेश सरकारले प्रत्येक स्थानीय तहलाई सशर्त, समपूरक र विशेष अनुदानको रुपमा वित्त हस्तान्तरण गर्ने व्यवस्था रहेको छ । बजेट तथा कार्यक्रम कार्यान्वयन सम्वन्धी एकीकृत कार्यविधि, २०७७ र देहायमा उल्लेखित मार्गनिर्देशन बमोजिम आगामी आर्थिक वर्ष २०७९/०८० को अन्तरसरकारी वित्त हस्तान्तरण प्रयोजनार्थ समपूरक र विशेष अनुदानका तीन/तीनवटा आयोजना तथा कार्यक्रमको प्राथमिकता तोकी कार्यविधिको अनुसूची-१ बमोजिमको ढाँचामा आवश्यक कागजात समेत संलग्न गरी चैत मसान्तभित्र यस मन्त्रालय समक्ष प्रस्ताव पेश गर्न निर्णयानुसार अनुरोध छ ।

<u>अन्तरसरकारी वित्त हस्तान्तरण- प्रस्ताव सम्बन्धी मार्गनिर्देशन</u>

१. प्रदेश सरकारको अनुदानमा सञ्चालित अधुरा आयोजनाहरु (भएमा) अनिवार्य रुपमा उल्लेख गरी पहिलो प्राथमिकतामा पेश गर्नुपर्नेछ।
२. आगामी आर्थिक वर्षभित्रै सम्पन्न गर्न सकिने आयोजनालाई आवश्यकता र औचित्यताको आधारमा प्राथमिकता दिनुपर्नेछ।
३. प्रदेशको दीर्घकालीन लक्ष्य प्राप्त गर्न निर्धारण गरिएका ७ वटा समृद्धिका संवाहकहरु (पर्यटन, उर्जा, कृषि, उद्योग, पूर्वाधार, मानव संशाधन र सुशाशन) ले समेट्ने क्षेत्रलाई विशेष प्राथमिकता दिनुपर्नेछ ।
४. प्रत्येक आयोजनाको वार्षिक वित्तीय हस्तान्तरण वापत अधिकतम रु. १ करोड करोडसम्म माग गर्न सकिनेछ। तर स्थानीय तहको सहभागिताको आधारमा आयोजनाको लागत अनुमान वढी पनि हुन सक्नेछ।
५. आयोजना सिफारिस सम्वन्धमा स्थानीय कार्यपालिकाको निर्णयको प्रतिलिपि अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ।
६. स्थानीय तहमार्फत कार्यान्वयन गर्न उपयुक्त प्रदेश सरकारका आयोजनाहरु कार्यान्वयनका लागि सशर्त अनुदान मार्फत सम्वन्धित स्थानीय तहलाई वित्त हस्तान्तरण गरिनेछ।
७. समपूरक र विशेष अनुदानका आयोजना सिफारिस गर्दा प्रदेश सरकारको "वजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" मा व्यवस्था गरेको "स्थानीय तहमा वित्तीय हस्तान्तरण" मा उल्लेख भएका क्षेत्रहरुमा मात्र प्रस्ताव पेश दिनुपर्नेछ ।

..................
गीता घिमिरे
शाखा अधिकृत

प्रशासन महाशाखा
फोनः ०६१-४६७९३०

वित्त व्यवस्थापन महाशाखा
फोनः ०६१-४६७६९६

बजेट, योजना तथा कार्यक्रम महाशाखा
फोनः ०६१-४६७६९८

वित्तिय क्षेत्र व्यवस्थापन तथा आर्थिक विश्लेषण महाशाखा
फोनः ०६१-४६७६९६

E-mail: mocapgandaki@gmail.com